दरखास्त आह्वान दोस्रो पटक

प्रकाशन मिति २०७५/०४/२२

युनाइटेड मिसन टु नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा दलित सामाजिक विकास केन्द्र, कपिलवस्तुद्वारा सञ्चालित समुदायमा-आधारित पुर्नस्थापना (अपाङ्गता) परियोजना कपिलवस्तु जिल्लाको यशोधरा गाउपालिका (साविक रंगपुर, परसोहिया, सामोडिह र बैदौली गा.वि.स.) मा अपाङ्गता भएका व्यक्तिहरुको हक हित, मैत्री, विकास र पुर्नस्थापनाको लागि कार्यान्वयन तथा सञ्चालन गर्दै आएको सोही सन्दर्भमा १ जना कर्मचारीको आवश्यकता भएकोले तल उल्लेखित योग्यता तथा अनुभव भएका नेपाली नागरिकहरुबाट दोस्रो पटक दरखास्त आह्वान गरिन्छ।

| | |
|---|---|
| १.पद: | सामाजिक परिचालक |
| कार्यक्षेत्र : | रंगपुर, परसोहिया, |
| शैक्षिक योग्यता: | आई.ए. वा. सो सरह |
| कार्यक्षेत्र : | यशोधरा गा.पा. वडा नं. ४ र ६ ( साविक परसोहिया र रंगपुर ) |

सामाजिक परिचालक : आवश्यक ज्ञान,सिप र अनुभव :

- सामुदायिक विकासको (गैसस) क्षेत्रमा, सामाजिक परिचालक भई कम्तीमा २ बर्ष कार्य अनुभव भएको।
- परियोजनाको समुह र समितिहरुमा विभिन्न कार्यक्रम सहजीकरण गर्न सक्ने।
- किशोर किशोरी र अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव भएको।
- कम्प्युटर सम्बन्धि सामान्य ज्ञान तथा सीप भएको।
- डाटाहरु संकलन तथा विश्लेषण गर्न सक्ने ।
- अपाङ्गता सम्बन्धि नीतिनियम, अधिकारमुखी अवधारणा, सुशासन तथा पैरवी सम्बन्धि ज्ञान भएको।
- अपाङ्गता भएका व्यक्तिहरु बीच इच्छा भएको, परियोजनासंग सम्बन्धित समस्या पहिचान , कार्ययोजना, कार्यान्वयन, अनुगमन र प्रतिवेदन तोकिएका समय आवश्यकता र माग अनुसार तयार गर्न र पेश गर्न सक्ने।
- माथी उल्लेखित साविक गाविसहरुमा कार्य गर्न सक्ने क्षमता भएको।
- स्थानीय भाषामा बुझ्न, बोल्न सक्ने र समुदायलाई बुझाउन सक्ने।
- स्थानीयस्तरमा अवस्थित विभिन्न सरोकारवालाहरुसंग सम्बन्ध निर्माण, सम्पर्क, समन्वय र सहकार्य गर्न सक्ने सीप तथा क्षमता भएको।
- दिइएका जिम्मेवारी तोकिएका समयमा सम्पन्न गर्न सक्ने र साथै कहिलेकाहीं संस्था र परियोजनाको माग अनुसार चापमा पनि कार्य गर्न सक्ने क्षमता भएको।
- संस्था र समुदाय प्रति ईमानदार, सेवाको भावना भएको र जवाफदेहीता र जिम्मेवार वहन गर्न सक्ने।
- कुनै पनि ठगी, भ्रष्टाचार र बाल शोषण र दुर्व्यवहारमा संलग्न नभएको हुनुपर्ने।
- साइकल चलाउन सक्नेलाई प्राथमिकता दिइनेछ।

आवश्यक कागजपत्रहरु:

- पदको लागि लिखित निवेदन सहित व्यक्तिगत विवरण, नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, पासपोर्ट साइजको फोटो २ प्रति, तोकेको शैक्षिक योग्यताको प्रमाण-पत्रहरु तथा चरित्र प्रमाण-पत्रहरुको प्रतिलिपी, तालिम तथा कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नुपर्नेछ।
- अपाङ्गता भएका व्यक्तिहरुले पहिचान खुल्ने प्रमाण-पत्र वा परिचय पत्रको प्रतिलिपी हुनुपर्ने

आवेदन आईपुग्नु पर्ने अन्तिम मिति:

यो दरखास्तको सूचना प्रकाशित भएको मितिले ५ दिनको (२०७५।०४।२६ गते) साँझ ५ बजेसम्म।

छनौट प्रकृया:

शैक्षिक प्रमाण-पत्र तथा कार्य अनुभवको आधारमा छोटोसूचीमा छनौट भएका उम्मेदवारहरुलाई मात्र लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षाको लागि बोलाइने छ।

सेवा सुविधा :- संस्था र परियोजनाको नियमानुसार हुनेछ।

नोट :

- अपाङ्गता भएका व्यक्ति, महिला, दलित, मुस्लीम, पिछडावर्ग तथा सी.एम.ए. र आ.न.मी. गरेका व्यक्तिहरुलाई तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ।
- कुनै पनि नातावाद, कृपावाद र टेलिफोन माफर्त धाकधम्की र अन्य तरिकाबाट खबर आएमा उक्त व्यक्तिको निवेदन सहित रद्द गरिनेछ।

निवेदन बुझाउने/आईपुग्नु पर्ने ठेगाना :-

दलित सामाजिक विकास केन्द्र
क.ब.न.पा. ५, डुगरी, कपिलवस्तु सम्पर्क नं. ०७६-५२०१३२, ६९२८०३, इमेल : dsdc2061@gmail.com